# VESPER GROUP उजुरी प्रक्रिया

Vesper Group ले संगठनभरिका सबै स्तरहरूमा राम्रो सञ्चारले उत्कृष्ट कार्य अभ्यासलाई प्रवर्द्धन गर्छ भन्नेमा विश्वास गर्छ। Vesper Group ले आफूलाई सधैं इमानदार तथा सत्यनिष्ठापूर्वक सञ्चालन गर्ने प्रयत्न गर्छ। तथापि, सबै संगठनहरूले समय-समयमा गतल हुने आफ्ना क्रियाकलापहरू वा अज्ञात रूपमा गरिने अपराधका जोखिमको सामना गर्छन् भन्ने कुरा हामी स्वीकार गर्छौं। हामीसँग त्यस्ता अवस्थाहरूको पहिचान गर्नको लागि उपयुक्त उपायहरू प्रयोग र तिनीहरूको समाधानको प्रयत्न गर्ने कर्तव्य हुन्छ भन्ने कुरा हामी विश्वास गर्छौं। यसको आधरमा, कर्मचारी र स्वयंसेवकहरूलाई प्रतिहिंसाको डर बिना कार्यस्थलमा हुने अपराध बारे यथार्थ सरोकारहरू उठाउन प्रोत्साहन गरिन्छ र Vesper Group ले तिनीहरूलाई अत्यचार र बर्खास्तीबाट बचाउनेछ।

Vesper Group का कामदारहरूले उचित विश्वासकासाथ सरोकारहरू उठाउँछन् भने Vesper Group ले उनीहरूलाई हानिकारक उपचार वा बर्खास्तीबाट सुरक्षित राख्नका लागि कदमहरू चाल्ने जिम्मेबारी लिन्छ।

सार्वजनिक खुलासा

तपाईं Vesper Group का लागि कार्य गर्ने कुनै व्यक्ति (वा मानिसको समूह) को कार्यले अपराध निम्त्याउँछ वा निम्त्याउन सक्छ भन्ने कुरामा विश्वास गर्नुहुन्छ भने तपाईंले उक्त विषय प्राथमिकताकासाथ आफ्नो लाइन व्यवस्थापक समक्ष राख्नुपर्छ। लाइन व्यवस्थापक कुनै तरिकाबाट निर्दिष्ट अपराधमा संलग्न रहेको कारणले ऊ समक्ष उक्त विषय राख्न उपयुक्त नभएको अवस्थामा compliance@vespergroup.se मा इमेल गरेर विषय सीधै Vesper व्यवस्थापनका सदस्य समक्ष राख्नुपर्छ। तपाईंले आफ्नो सरोकारलाई मौखिक रूपमा पेश गर्न पनि सक्नुहुन्छ र सम्भव भएमा पूरा विवरणहरू तथा सहायक प्रमाण समावेश गर्नुपर्छ। तपाईंले आफ्नो पहिचानलाई गोपनीय राख्न चाहनुहुने कुरा पनि उल्लेख गर्नुपर्छ। तपाईंले आफ्नो सरोकारका बारेमा Vesper व्यवस्थापनलाई सम्पर्क गरी बताउन चाहनुहुन्न भने ल्यान्टेरो अनलाइन सार्वजनिक खुलासा-सेवा मार्फत अज्ञात रूपमा रिपोर्ट दायर गर्न सक्नुहुन्छ।

https://lantero.report/vesper

**यो सेवालाई तपाईंको स्मार्टफोन मार्फत QR-reader बाट पनि पहुँच गर्न सकिन्छ** आपराधिक अभिमानमा सन्देह भएमा सबै जानकारी दक्ष अधिकारीहरूलाई हस्तान्तरण गरिनेछ। मामिला आन्तरिक नीति वा प्रक्रियाहरूको उल्लङ्घनसँग सम्बन्धित भएमा आन्तरिक अनुसन्धानको सुरुवात गरिनेछ।

ल्यान्टेरो सार्वजनिक खुलासा-सेवा कार्यले कसरी काम गर्छ?

खुलासाकर्ताहरूले बाह्य स्वतन्त्र वेबसाइटमा विशेषगरी Vesper का लागि सेट अप गरिएको तर हाम्रो नेटवर्कबाट पूर्ण रूपमा पृथक फाराम पूरा गर्छन्। विशेष रूपमा नियुक्त गरिएका ट्रस्टीहरूको समूहले कदम चाल्न वा आगामी मामिला व्यवस्थापन गर्नको लागि जानकारी प्राप्त गर्ने, मामिलाहरूको अनुसन्धान गर्ने र व्यवस्थापनमा सुझावहरू दायर गर्ने कार्य गर्दछ। अनुसन्धानकर्ताहरूलाई कहिलेकाहीँ अतिरिक्त जानकारीको आवश्यकता पर्छ। खुलासाकर्ताहरूले उपलब्ध गराएका सबै इमेल ठेगानाहरूलाई अज्ञात राखिन्छ, जसको अर्थ अनुसान्धानकर्ताहरूले तिनीहरूलाई व्यक्तिगत विवरणहरू बिना वा अनुसन्धानकर्ता वा अन्य व्यक्तिमा दृश्यमान नगराइ इमेलबाट सम्पर्क गर्न सक्छन्।

अनुसन्धानहरू पूरा भएपछि कर्मचारीहरूले आफ्ना मामिलाहरू कसरी मूल्याङ्कन गरिए भन्ने बारेमा इमेल सारांशहरू प्राप्त गर्छन्।

ध्यान दिनुहोस्:

- संयुक्त नेटवर्कबाट रिपोर्टिङ साइट प्रविष्ट नगर्नुहोस्।
- तपाईंले आफ्नो कार्यस्थलमा तलको QR कोड प्रयोग गर्नुहुन्छ भने आफ्नो Wi-Fi चालू गर्न सुनिश्चित हुनुहोस्।
- प्रतिक्रियाका लागि कम्पनीको इमेल ठेगाना प्रयोग नगर्नुहोस्।